# "सुशासन, स्वास्थ्य, शिक्षा, कृषि, र पुर्बाधार"

# "सडक र विद्युत शुभ कालीका गाउँपालिकाको मूल आधार”

शुभ कालीका गाउँपालीका गाउँ सभामा प्रस्तुत आगामी आर्थिक वर्ष २०७६ /०७७ को वार्षिक बजेट, नीति तथा कार्यकम

सभा अध्यक्ष ज्यू

गाउँपालिकाका सभा सभासद ज्यूहरु

आमन्त्रित अतिथि ज्यूहरु

आगामी आर्थिक वर्ष २०७६ /०७७ को वार्षिक बजेट नीति तथा कार्यकममा यस गरिमामय गाउँ सभामा उपस्थित गाउँपालिकाका सभा सभासद ज्यूहरु शुभ कालिका गाऊँ कार्यपालिकाको तर्फवाट हार्दिक स्वागत गर्दछु । नेपालको संविधान जारी भएर स्थानीयको चुनाव पछीको तेस्रो वर्षमा शुभ कालीका स्थानीय सरकारको आर्थिक वर्ष २०७६ /०७७ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले पटकपटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन लगायत यस प्रदेश स्थापनार्थ भएका आन्दोलनहरुको स्मरण गर्न चाहन्छु । लोकतन्त्रको स्थापनार्थ शहीदहरु तथा बेपत्ता र पीडित नागरिकहरुको त्याग र वलिदानलाई उच्च सम्मान गर्दछु ।

**सभा अध्यक्ष महोदय,**

नेपालको दुर्गम कर्णाली प्रदेश कालिकोट जिल्ला शुभ कालीका गाऊँ पालिकामा एकातर्फ आर्थिक, सामाजिक, मानविय श्रोत, सडक विद्युत, स्वास्थ्य, शिक्षाको हिसाबले पछाडी परेको गाऊँपालिका हो भने अर्को तर्फ भौगोलिक, सास्कृतिक, सम्पदाको धनि ,सौन्दर्यताले सिगारिएको विर सपुतहरुको तपोभुमी यो पालिका धेरै सम्भावना ओगटेर बसेको भुमी हो । यस गाउँ पालिकामा २५९३ घरधुरी, कुल जन संख्या १४ हजार असि छ, भने कुल जनसंख्याको १६ देखी ६० उमेर उर्जासील समुह ३५.७० प्रतिशत छ जसको ५५ प्रतिशत भारत र अन्य खाडीमुलुकमा गएर काम गर्न बाध्य छन् । भने ९७३२ वर्ग मिटर/आठ हजार ६ सय हेक्टर फैलिएको भुभाग मध्ये चार हजार १ सय हेक्टर बन जंगलले ढाकेको छ । खेतीयोग्य जमिन ३६३६.७६ हेक्टर छ । यो गाउँ पालीका समुन्द्रको सतह ८५० देखि १८५० मिटर उचाइमा बस्ती र ३८७५ मिटर उचाईमा बल्ले लेख अवस्थित छ । यस गाउँ पालिकाको बेसी क्षेत्र तिला र कर्णाली नदी किनारमा उष्ण हाबापानी छ भने उच्च स्थानमा समशितोष्ण हावापानी पाईन्छ । यस गाउँपालिकाको वार्षिक औषत तापक्रम ५ देखि १८ °C सम्म रहेको छ । यस गाउँ पालिकामा कालो र बलौटे माटो पाइने हुदाँ कृषिको लागि ज्यादै उपयुक्त देखिन्छ । यस गाउँ पालिकाको ९५ प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न छन् तापनि आफ्नो उब्जनीबाट सरदर.३ महिना मात्र खान

आ.व २०७६/७७ को वार्षिक बजेट,नीति तथा कार्यक्रम

पुग्ने घरधुरी ३५ प्रतिशत , ३ देखी ६ खान पुग्ने ३१ प्रतिशत, ६ देखि ९ महिनासम्म खान पुग्ने २६ प्रतिशत र ९ देखि माथी वा बाह्रै महिना खान पुग्ने ६ प्रतिशत घरधुरी रहेको छ । ५५ प्रतिशत घरधुरीले आफ्नो श्रम र वैदेशिक/मौसमी रोजगारबाट प्राप्त आयको भरमा जिविकोपार्जन गरेका छन् । यस गाउँ पालिकाको बार्षिक औषत उत्पादन १.३ मे टन प्रति हेक्टर देखिएको छ, जुन राष्ट्रिय औषत उत्पादन भन्दा कम देखिन्छ । कृषि र गैरकृषि जन्य व्यवसाय प्रवर्द्धनका लागि एग्रोभेट, प्रशोधन केन्द्र र वजार जस्ता आधारभूत पूर्वाधारहरुको कमी देखिएको छ ।

यो गाउँ पालिका मुख्य कर्णाली लोकमार्ग संग जोडिएकोले स्थानीय स्तरमा उत्पादित कृषि तथा वनजन्य बस्तुहरुको राम्रो बजार पाउने सम्भावना रहेको भए तापनि नत ग्रामीण सडकको पहुँच छ नत उत्पादनको राम्रो उपयोग हुन सकेको स्थिति छ । उपलब्ध श्रोत्रहरुको न्यून उपयोग भएको गाऊँ पालिकाको रुपमा प्रचित छ । यस गाऊँ पालिकामा तिला कर्णाली, भर्तागाड, बालिगाड, अधेरी गाड, घट्टे गाड जस्ता जल श्रोत बगिरहेका छन् । यी सबै गाड हरुमा ३ वटा साना जलविधुत अयोजना विगत १० बर्ष देखी सर्भे गरेर थन्कीएका थिए । ३ वटा आयोजना लाखौ र करोडौ लागानी जन श्रमदान गरेर पनी अलपत्र अवस्थामा थिए । जस मध्ये अधेरगिाड हाउडीको विधुत ६० लाख लगानी गरी गत आ.व.मा सम्पन्न भई बत्ती बलीसकेको अवस्थामा छ भने भलेटा गाडमा पनी निर्माण कार्य सबै सम्मपन्न भई यो बर्ष बत्ती बल्ने तयारीमा छ भने भर्तागाडको विधुत मर्मत तथा पून: निर्माण भइरहेको छ । यी खोला तथा गाडहरुमा १० वटा झो. पु. १ ट्रस बृज, ४ वटा कल्भट निर्माण भएका छन भने भईपरी आउने जोखीम नियूनिकरण गर्न ६ वटा झो.पु. १० वटा कल्भट २ पक्की पुल तत्काल निर्माण गर्नु पर्ने देखीनछ । शुभकालीका पालिका भित्र पर्ने पर्यटकिय क्षेत्र लेख दह, मेहेले पाटन, रतेथला, कालिका मन्दीर,बल्ले माई, तिनचुले माई, अजमारे माई, दाहलदेव शिव मन्दिर,महादेव, बाम्नी, नैनेल देव, जगनाथ, महावै, खापर, **मष्टादेव,** देवति, कालाशिल्ला लगाएत विभिन्न देवी देवताका मन्दिरहरु अवस्थीत छन जस्को मर्मत संभार, प्रचार प्रसार र प्रबद्धन गर्नु पर्ने छ । शुभ कालीका गाउँ पालिका जल जंगल, खनिज, जडीबुटी, वन्यजन्तु , पशुपालन, अन्नबाली, फलफुल , र ठुलो मानविय श्रोत भएको गाऊँ पालिका हो । यि कुराको संरक्षण र उपयोग गर्न सकेपछि गाउँ पालिकाले आर्थिक विकासमा ठुलो सम्भावाना छ । जलश्रोतको उचित उपयोगले यो गाऊँ पालिका पुर्ण रुपले प्रकाशमय हुनेछ भने , विभिन्न प्रकारका पर्यटकिय क्षेत्रले गर्दा आयआर्जनमा बृद्धि हुने छ । विकासका आयमहरुलाई यथार्थतामा बदल्न भौतिक विकासको सात साथै मानविय विकासलाई समेत संगसंगै लैजानु पर्ने अपरिहार्यता रहेको छ । गाउँ विकास निर्माणका कार्यक्रममा भौतिक पुर्वाधार तर्फ काम गर्ने सबै निकायहरु बिच समन्वय गरि दोहोरो पना नहुने नितीलीई अबलम्वन गरी निर्माण कार्य अगाडी बढाइने छ । सामुदायीक विद्यायमा देखिएको शैक्षिक गुणस्तर बिकासकालागि नियमित अनुगमन तथा निरिक्षण प्राणालीलाई व्यवस्थीत गराइने छ । यस गा पा मा ४३ वटा बालविकास केन्द्र, २२ वटा आधारभूत द्यिालय, ७ वटा माध्यामिक विद्यालय संचालनमा छन् । यस पालिकामा द्यिालय भर्ना दर ९८ प्रतिशत, द्यिालय छाड्ने दर ५ प्रतिशत भएता पनि महीला शाक्षरता ५७ प्रतिशत मात्र देखीन्छ । यस पालिकामा शिक्षको गुर्णस्तर सुधारका साथै प्राविधिक शिक्षालयको व्यवस्था गरि सबै सरोकार वालाहरु जिम्मेवार भएर लाग्नु पर्ने देखिन्छ ।

आ.व २०७८/७९ का वार्षिक बजेट,नीति तथा कार्यक्रम

**सभा अध्यक्ष महोदय,**

अब म गत आब २०७५/२०७६ मा बिनियोजित बजेट खर्च र प्रगती प्रस्तुत गर्न चाहन्छु ।

(क) आ.व. २०७५।०७६ मा यस गाउँपालिकामा भएको आय मध्ये नेपाल सरकारको अनुदान अन्तर्गत अन्तर सरकारी वित्तीय हस्तान्तरण सशर्त अनुदान तर्फ रु. १० करोड २४ लाख, वित्तीय समानीकरण अनुदान अन्तर्गत ९ करोड १५ लाख, अघिल्लो वर्षको मौज्दात रु.७५ लाख, सामाजिक सुरक्षा तर्फ रु. ३ करोड ७५ लाख, साना सिचाई आयोजना तर्फ रु.४५ लाख, गरिवसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत रु. ५.लाख ३८ हजार, बहुक्षेत्रिय पोषण तर्फ १२ लाख ३५ हजार ,प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ ४२ लाख २ हजार,राजश्व बाडफाँड तर्फ ४ करोड ८६ लाख २५ हजार गरी कुल वजेट रु. ३० करोड २८ लाख ४२ हजार प्राप्त भएको थियो ।

(ख) जस मध्ये यस आ.व.मा समानीकरण अनुदान, राजश्व बाँडफाट , विभिन्न विषयगत मन्त्रालयका कार्यक्रमबाट पाप्त रकम र सशर्त अनुदान तर्फ प्राप्त भएको रकम हाल सम्म खर्च हुने क्रममा रहेको छ । जसमध्ये चालु आ. व. मा हालसम्म ८० प्रतिशत रकम खर्च भइसकेको र बाकि खर्च हुने क्रममा रहेको छ । खर्च हुन नसकेमा नियमानुसार फिर्ता पठाउने तथा अल्या गर्ने व्यवस्था मिलाएको छु ।

(ग) आ.व. २०७५।०७६ मा रु. १० लाख आन्तरीक राजश्व संकलन गर्ने लक्ष्य राखिएकोमा जेठ सम्म रु. ५ लाख राजश्व संकलन भएको छ ।

<u>**मुख्य मुख्य प्रगतीहरु**</u>

१) सेरी भर्ता, नैनेल डाँडा गाल्जेना, बुढाघाट काली चौलागाइवाडा, भुलुकोट तिल्खुडेपाटा गरी लगभग २२ कि.मि गामिण सडक खन्ने काम पुरा भई सेरी भर्ता नियमित साना गाडिहरु, हाइसहरु, मिनि टाटा गाडिहरु संचालनमा आएका छन् ।

२)घुम थलाको टावरमा नेपाल टेलीकमको 2G सेवा बिस्तार सँगै सुचना तथा संचारको माध्यममा जनताले नयाँ सुविधा महसुस गरेका छन्।

३) १६ वटा बालविकास केन्द्र, २४ वटा आधारभुत विद्यालय, ४ वटा मा.वि. विद्यालय दरवन्दी थप, ३ वटा मा.वि. स्वीकृती गरी , पठनपाठन सुरु भएका छन् ।

४) यो बर्ष १ सामुदायीक स्वास्थ्य इकाई प्रदेश सरकार बाट स्वीकृत भएको छ । २ वटा स्वास्थ्य चौकीमा २००० वाट सोलार जडान गरी स्वास्थ्य सेवा प्रशारणमा सहजता आएको छ । ५ वटा स्वास्थ्य भवन निर्माण सम्बन्धी टेन्डर प्रक्रिया भई सम्झौता को काम भैरहेको छ।

५) २९ वटा खानेपानी तथा सिचाई सम्बन्धी आयोजनाहरु सम्पन्न भएका छन।

आ.व २०७६/७७ को वार्षिक बजेट,नीति तथा कार्यक्रम

६) ८ वटा भवन निर्माण भएका छन।

६) ८ वटा बाटो निर्माण भएका छन।

७) ३ वटा फिल्ड निर्माण सम्पन्न भएका छन।

८) ५ वटा महीला उधम बिकास सम्बन्धी काम सम्पन्न भएका छन।

९) १२ वटा मन्दिर निर्माण भएका छन।

१०)५०० दलित घर धुरिलाई सुधारिएको चुलो निशुल्क वितरण भएको।

११)प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत २५२ जनालाई रोजगार दिइएको छ।

यस गाउँ पालिकामा विगतमा देखीएका तिता अनुभवलाई संगाल्दै चालु सामाजिक सुरक्षा भत्तालाई व्यवस्थीत गरिने छ । यस गाउँ पालिकामा जोखिममा रहेका वालवालीका र असाहाय वृद्ध वृद्धाहरुको लागि विशेष कार्यक्रमको व्यवस्था गर्न पहल गरिने छ । उनीहरुले पाउने सामाजीक सुरक्षा भत्ता बैकं खातामार्फत भुक्तानी दिने व्यवस्था गरीने छ । समय अनुकुल परिवर्तन सँगै गाऊँ पालिकाको आवश्यकतालाई समेत मध्यनजर गर्दै हामीले गा.पा.को विकासका लागी सडक,यतायात, विद्युतीकरण, शिक्षा, स्वास्थ्य, संचार , सिचाई, सुशासन, झुलङ्गे पुल, खानेपानी तथा सरसफाई, वन, कृषि,पशुसेवा, आय तथा रोजगारीका अवसरको श्रृजनामा विशेष जोड दिने प्रयास गरेका छौं । विकासको वाधकको रुपमा रहेको सामाजिक अन्धविस्वास र कुरीतीलाई हटाउन हामीले शिक्षा र चेतना विस्तार गर्नु पर्छ भन्ने मान्यता लिएका छौ । गाउँ पालिकाको विद्धमान गरिवी, वेरोजगारी, शिक्षा र स्वस्थ्य लगायत विविध समस्यालाई क्रमिक रुपमा समाधान गर्दै ( **"सुशासन, स्वास्थ्य, शिक्षा, कृषि, र पुर्बाधार, सडक , बिद्युत शुभ कालीका गाउँ पालिकाको मूल आधार"**) को परिकल्पनालाई सान्दर्भिक वनाउन यहाँहरुले प्रदान गर्नु हुने मार्गदर्शनमा शुभ कालीका गाउँपालीका सदा क्रियासिल रहने व्यहोरा समेत निवेदन गर्न चाहन्छु ।

## आगामी आर्थिक वर्षका लागि वजेट तर्जुमा गर्दा लिएका आधारहरु ।

१. नेपालको संविधान, २०७२ ले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरु ।
२. स्थानीयसरकार संचालन ऐन, २०७४ मा भएका व्यवस्थाहरु
३. गाउँपालिकाको प्रशासकीय कार्य नियमित गर्ने ऐन, २०७४मा भएका व्यवस्थाहरु
४. दिगो विकासका लक्ष्य (Sustainable Development Goal) ले निर्धारण गरेका प्रमुख लक्ष्य तथा क्षेत्रहरु ।
५. राष्ट्रिय योजना आयोगद्वारा प्राप्त कार्यक्रम तथा वजेट तर्जुमा सम्वन्धी मार्गदर्शन ।
६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालयका मार्ग दर्शन एवं परिपत्र
७. प्रथम र दोस्रो गाउँ सभाले निर्दिष्ट गरेका मार्गदर्शन सिद्धान्त र प्राथमिकताहरु,
८. वस्ती, वडा स्तरीय योजना तर्जुमा गोष्ठी,एकीकृत योजना तर्जुमा, गाउँ कार्यपालिकाको वैठक हुदै सहभागितात्मक योजना तर्जुमा प्रक्रियाद्वारा प्राथमिकीकरण सहित प्राप्त भएका माग, योजना तथा सुझावहरु ।
९ अगुवा नेता, कार्यकर्ता र विज्ञ महानुभावबाट आएका सुझावहरु ।

आ व २०७८/७९ का वार्षिक बजेट,नीति तथा कार्यक्रम

## बजेटका आधारभूत सोच :

जल, जंगल, खानी, उद्योग, पर्यटन, विद्युतिकरण, आय आर्जन, शिक्षाको विकास, कृषिमा आधुनिकीकरण, भौतिक पूर्वाधारको विकास र स्वरोजगारमूलक कार्यक्रमलाई संगसंगै लैजाने र यस गाउँपालिका सम्पूर्ण वर्डाहरुमा सडक संजालमा जोड्दै कृषि क्षेत्रमा व्यवसायिकरण, बजारीकरण तथा यान्त्रिकीरणलाई प्रोत्साहित गर्दै दीगो आर्थिक वृद्धि हासिल गरी जनताको जीवनस्तरमा सुधार ल्याउने अपेक्षा गरिएको छ ।

## वजेटका प्राथमिकताहरु :

उल्लेखित उद्देश्य परिपूर्तिका लागि बजेटमा निम्न प्राथमिकताहरु निर्धारण गरिएको छ ।

१. लक्षित वर्गलाई आत्मनिर्भर वनाउन उनीहरुमा उद्यमशिलताको विकास गर्ने ।
२. स्वरोजगारमुखी र समावेशी आर्थिक विकासमा जोड दिने ।
३. जलविद्युत तथा स्थानीय सडक निर्माणलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गर्दै जाने ।
४. कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरणमा जोड दिने ।
५. पर्यटन प्रवर्द्धनको माध्यमद्वारा आर्थिक विकासमा जोड दिने ।
६. संचालित आयोजनाहरुको एकीकृत र सघन अनुगमन प्रणाली मार्फत प्रभावकारिता र गुणस्तरमा अभिवृद्धि गर्ने ।
७. स्थानीय सुशासन प्रवर्द्धनमा जोड दिने ।

**सभा अध्यक्ष महोदय,**

माथी उल्लेखीत परिकल्पनालाई सान्दर्भिक वनाउन शुभ कालीका गाउँपालीकाले लिएका नीति तथा कार्यक्रम प्रस्तुत गर्न सभाअध्यक्ष समक्ष अनुमती चाहन्छु ।

१) शुभ कालीका गाउँपालीका बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषता भएको पालीका हो । यस पालीकाको मौलिक विशेषतालाई आत्मसात गरी विविधताबीचको एकता, सामाजिक सांकृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्रभावलाई संरक्षण एवं प्रबर्द्धन गर्दै बर्गिय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, सम्वृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प यस पालीका लिएको छ ।

२) विकासका दृष्टिले पछाडि परेको यस गाउँपालीकाको सन्तुलित, गुणस्तरीय र दिगो रुपमा भौतिक पूर्वाधार विकास गर्ने महत्वपूर्ण जिम्मेवारी यस गाउँपालीकाको सरकारलाई आएको छ । गाउँ गाउँमा सिंहदरबारको नारालाई साकार पार्न गाउँपालीका सरकारले विकास र सार्वजनिक सेवा प्रबाहमा जोड दिनु जरुरी छ । विकासका हिसावले कालीकोटका अन्य स्थानीय तह भन्दा पिछडिएको यस गाउँपालीका विकासका सम्भावनाका हिसावले अवसर र चुनौती दुबै रहेको छ ।

आ.व. २०७८/७९ को वार्षिक बजेट,नीति तथा कार्यक्रम

३) जडिबुटी, कृषि, जलश्रोत र पर्यटन यसका सम्भावना हुन भने यिनको अनुसन्धान, निर्माण र उद्योग स्थापना गर्न त्यतिकै चुनौतिहरु छन । भू–बनोट, सडक, संचार, छिमेकी जिल्ला सँग सीमा जोडिएका खुल्ला सिमानाको व्यवस्थापन जस्ता चुनौतिलाई अवसरको रुपमा परिणत गरी अगाडि बढ्नु परेकोछ । यस कार्यमा सबै राजनीतिक दल, नागरिक समाज, उद्योग, वाणिज्य र व्यापार क्षेत्रका प्रबुद्ध व्यक्तिहरु, बुद्धिजीवि वर्ग, कानून व्यावसायी र पत्रकारको महत्वपूर्ण भूमिका रहन्छ ।

४) गाउँ पालीकाको समग्र विकास र समृद्धिको आवधिक र गुरु योजना बनाउन विज्ञहरूको एक टिम निर्माण गरि स्थानीयको समग्र योजनाको खाका सार्वजनिक गरिने छ ।

५ ) महिला दलित, जनजाति तथा सिमान्तकृत जाति तथा समुदायहरूलाई शसक्तिकरण गर्नका लागि विषेश कार्यक्रम ल्याइने छ ।

७) अपाङ्गता भएका ब्यक्ति, एकल महीला, जनजाती र दलित समुदायको उत्थान र रोजगारमा पहुँच पुर्याउन प्रधान मन्त्री र मुख्य मन्त्री रोजगार कार्यक्रममा तिनीहरुलाई प्रथामिकता दिईने दिइने छ ।

९) शुभ कालीका गाउँपालीकालाइ स्थानीय बालमैत्री शासन लागुभएको गाउँपालीका घोषणा गर्न सबै सुचकहरू पुरा गर्ने अधार तयार गरी यसै बर्ष भीत्र घोषणा गरीने छ ।

१०) संरक्षणको आवश्यकता भएका अभिभावक विहीन बालबालिकाको लागी बाल हित संरक्षण कोष स्थापना, वालबिबाह अन्त्य गर्न **उपाध्यक्ष किशोरी कार्यक्रम** , घरबार विहिन बालबालिकाको लागी सुविधा सम्पन्न **बाल गृहको स्थापना** गरी यसैबर्ष देखी संचालनमा ल्याईने छ ।

१२ ) दक्ष जनशक्ति उत्पादन तथा दिगो बिकासका सम्बन्धी बाल बिकासकालागि विशेष कार्यक्रम ल्याइने छ । जस अर्न्तगत एक टोल एक बालविकास केन्द्र स्थापना तथा व्यवस्थापन गरी शिक्षाबाट बंचित रहेका बालबालिका का लागि अनिवार्य शिक्षाको अवसर प्रदान गर्न एक व्यक्ती एक शिक्षक (each one teach one) को व्यवस्था गरिने छ ।

१३) सुनौला १००० दिनका आमालाई लक्षीत गरी **उपाध्यक्ष सुत्केरी महीला स्याहार कार्यक्रम** संचालनमा ल्याइने छ । थप महिला सशक्तिकरणको लागि आयआर्जन शिपमुलक विशेष कार्यक्रम ल्याउने निति अवलम्बन गरिने छ ।

१४) एकल महीलाको पिडा र समस्या कम गर्न **मन दुखेपछी उपाध्यक्ष सँग बिषेश कार्यक्रम** संचालनमा ल्याइनेछ । २१ बर्ष पुरागरी विवाह गर्ने किशोरीलाई बालविबाह न्यूनिकरण गर्न सहयोग गरे बाफत रु ५ हजार पुरस्कार दिने निति ल्याइने छ ।

१५) गाउँपालीकाको आवश्यकता र संम्भावनालाई मध्य नजर गर्दै गाउँपालीकाका ३ वटा विद्धालयमा प्राविधिक शिक्षालय स्थापना गरी प्राविधिक र व्यावसायिक शैक्षिक कार्यक्रम संचालन गरिने छ । साथै यस्ता विद्यालयहरुलाई प्रोत्साहन तथा नतिजामा आधारित अनुदानको व्यवस्था गरिने छ । साथै आवासीय विद्यालयको अवधारणा लिईने छ ।

१६ ) प्रत्येक टोलमा साक्षरता तथा साक्षरोत्तर कार्यक्रमहरुको संचालन गरी फाल्गुण मसान्त भित्र साक्षर पालीका घोषणा अभियानको संचालन गरिने छ ।

आ.व २०७६/७७ का वार्षिक बजेट,नीति तथा कार्यक्रम

१७) गाउँ पलीका भित्र आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्दै सर्व सुलभ र प्रभावकारी बनाइने छ । साथै स्वास्थ्य वीमा अनिवाय लागु गर्ने नीति बनाइने छ ।

१८) असहाय जेष्ठ नागरिकको पालन, पोषण र संरक्षणको उचित व्यवस्था गर्दै अपङ्गता भएका व्यक्तिहरुको सामाजिक समावेशी करणको नीति अवलम्बन गरिने छ । तिनीहरुको पिडाकम गर्नकालागि पालीका स्तरमा एक सुविधा सम्पन्न बृद्ध **मन बिसाउने चौतारी**को स्थापना गरीने छ ।

१९ ) युवाहरुलाई उत्पादानसँग जोडिने नीति ल्याइने छ । **सिप युवाका लागी , युवा समाज परिवतर्नका लागि,** भन्ने अभियान सहित योजनाबद्ध रुपमा मानव संसाधन बिकास कार्यक्रम लागु गरिने छ ।

२१) यूवा उद्यमी प्रोत्साहन कार्यक्रम संचालनमा ल्याइने छ । **३० भेडा वा ५० बाखा,वा २ वटा भैसी पाल्ने यूवा उद्यमीलाई मासीक रु १००० र ४० भेडा वा ६० भन्दा बढी बाखा वा ३ भन्दा बढी भैसी पाल्ने यूवा उद्यमीलाइ मासीक रु २००० का दरले प्रोत्साहन भत्ता र उन्नत जातका थुमा, बाखा राँगा दिने निति अबलम्बन गरीने छ ।**

२२) कुलत तथा दुर्व्यसन न्यूनिकरणका लागि युवाहरुलाई सकरात्मक सोच तथा जिवन उपयोगी सिपबिकास तालिमको व्यवस्था गरी रोजगारी सृजना गरीने छ ।

२३)स्थानीय न्यायीक समिति भित्रका न्यायिक र अर्धन्यायिक निकायले गरेका फैसला कार्यान्वयनमा जोड दिइने छ ।

२४) जनतासँग अध्यक्षको प्रत्यक्ष सम्बन्ध स्थापित गर्ने कार्यक्रमलाई अगाडी बढाईने छ ।

२५) लक्षित वर्ग तथा समुदाय लाई पहिचान गरी घरबार विहीनका लागि **अध्यक्ष जनता आवास कार्यक्रम** संचालन गरिने छ ।

२६) अध्यक्ष कृषि आधुनिकरण कार्यक्रम अर्न्तगत **एक (१) घर २० फलफुलका विरुवा** अनिवार्य गरी गाउँपालीकालाई फलफुल पकेट क्षेत्र घोषणा गरीनेछ ।

२७) गाउँपालीकामा १५ शैयाको अस्पताल स्थापनाको प्रक्रिया अगाडी बढाइने छ ।

२८) गाउँपालीका बाट उपचारको शिलशिलामा अन्यत्र प्रेषण भई जाने बिरामीहरुको लागि सहजीकरणा गर्ने कार्यक्रम ल्याइने छ । साथै लक्षित बिरामीहरुको लागि सामान्य उपचारको सेवा दिइने छ ।

**सभा अध्यक्ष महोदय**

२९) स्थानीय स्तरीय ऐन, कानून तथा नीति निर्माण सम्बन्धी कार्यलाई तिब्रता दिइने छ ।

३० ) मानव अधिकारको संरक्षण तथा प्रबर्द्धन गर्ने कार्यक्रम सम्बन्धि नीति नियम तर्जुमा गरिने छ ।

३१ ) अनियमिता, ढिलासुस्ति र भ्रष्टाचार नियन्त्रण गरी सुशासन सहितको जनमैत्री शासन ब्यवस्था अवलम्बन गरिने छ ।

३४) भ्रष्टाचारलाई शुन्य सहनसिलताको निति अवलम्बन गर्दै भ्रष्टाचार रहित गाउँपालीका बनाइने छ । पारदर्शि, छिटो छरितो, प्रशासन राखि पूर्ण सुशासन कायम गरिने छ ।

आ.व २०७६/७७ को वार्षिक बजेट,नीति तथा कार्यक्रम

३५) स्थानीय पालीका स्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयनका कार्यक्रम अगाडी बढाइने छ ।

३६) गाउँपालीका र वडापालीका कार्यलय तथा शाखाहरूको संस्थागत सुधार गर्ने कार्यलाई अगाडी बढाइने छ ।

३७) संचार क्षेत्रलाई ब्यवस्थित र प्रभावकारी बनाउन आवश्यक कार्यक्रम घुमथलाको टावरको क्षमता बृद्धी भर्ताको बाँजथलामा नमस्ते स्काईको टावर जडान गरी थ्री जि र फोर जि सेवा उपलब्ध गराईने छ ।

**सभा अध्यक्ष महोदय,**

३८) एक वडापालिका एक घरेलु उद्योगको नीतिअनुसार स्थानीय सीप, प्रविधि र कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगलाई प्रवर्धन गर्ने नीति अबलम्बन गर्ने तथा रोजगारमुखी र उत्पादन मुलक मझौला उद्योगहरु जस्तै, खनिज, जडिबुटी जस्ता पालीकाका कच्चा पदार्थ उपभोग हुने उद्योग को स्थापना तथा विकासलाई प्राथमिकता दिईने छ ।

३९) शुभ कालीका गाउँ पलीकामा रहेको काईनाइट उद्यमीहरुसँग गत बर्ष भएको सम्झौता रद्ध गरी नयाँ विधि र प्रक्रिया अनुसार उत्खनन् प्रक्रिया अगाडी बढाईने छ ।

४०) स्थानीयस्तरमा उत्पादित वस्तु तथा सेवाको उपभोगलाई प्राथमिकता र प्रोत्साहन दिइने छ.

४१) पालीकामा अत्यावश्यक वस्तु तथा सेवाको सहज, सुलभ र नियमित आपूर्तिका लागि सार्वजनिक, सरकारी, निजी तथा सहकारीको सहकार्यको प्रणालीलाई स्थापित गरिने छ । स्वस्थ प्रतिस्पर्धात्मक बजार व्यवस्थालाई प्रोत्साहन गर्न बजारको नियमन र अनुगमनको प्रणालीलाई स्थापितगरि आपूर्ति प्रणालीलाई चुस्त बनाइने छ ।

४२) **"हरियो वन गाउँपालीकाको धन "** भन्ने नारा सार्थक गर्न वनश्रोतको बहु उपयोग गर्ने नीति लिईने छ । सहभागितात्मक र वनको दिगो व्यवस्थापन गर्ने नीति अवलम्बन गरी सरकारी तथा निजी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै वनजन्य उद्यमको प्रबर्द्धन, उत्पादनको विविधीकरण र बजारीकरणबाट मूल्यअभिवृद्धि र रोजगारी सिर्जना गरिने छ ।

४३) गाउँपालीका स्तरमा जल तथा भूमीको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकिकृत संरक्षण र व्यवस्थापन गरिने छ । पानीका मुहान भन्दा माथी बर्षातको पानी संकलन केन्द्र निर्माण गरीने छ ।

४४) **जनताको धन, जडीवुटी वन्य जन्तु र वन** " भन्ने नारालाई साकार पार्नका साथ बन जंगलको संरक्षण र सही उपयोग एवं जडीबुटीको व्यबस्था र प्रशोधनमा जोड दिईने छ । आर्थिकरुपले महत्वपूर्ण जडीवुटी तथा गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती,उत्पादन वृद्धि र बजारीकरणलाई प्रोत्साहन गरिने छ । सार्वजनिक स्थलमा आर्थिक लाभ लिन सकिने खालका वृक्षारोपण कार्यक्रमलाई **एक व्यक्ति दश रुख** रोप्ने नीतिलाई अभियानको रुपमा अगाडि बढाइने छ । स्थानीय जलचर ऐन बनाइ लागु गरिने छ।

४५) प्राकृतिक प्रकोपका जोखिमयुक्त क्षेत्र पहिचान गरी नकारात्मक प्रभाव न्यूनीकरण गर्ने **विपद व्यवस्थापन** योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ । विपद व्यवस्थापन, पूर्व तयारी जोखिम न्यूनीकरण र विपद प्रतिकार्यका लागि **स्थानीय** विपद् कोष स्थापना र सञ्चालन गरिने छ । वस्ती स्थानान्तारण सम्वन्धि **स्थानीय** नीति कानून, मापदण्ड र योजना तर्जुमा

आ.व. २०७८/७९ को वार्षिक बजेट,नीति तथा कार्यक्रम

गरिनेछ ।

४६) भर्ता र कालीका मुग्रहामा थप प्रहरी चौकी स्थापना गरी शुभ कालीका गाउँपालीकाको शान्ति सुरक्षालाई अनुभूति हुने गरी सेवा प्रवाह गरि गुण्डागर्दी, संगठित अपराध, जबरजस्ती असुली, लागु औषध दुर्व्यसनि, महिला तथा बाल हिंसा आदिको प्रभावकारी रुपमा नियन्त्रण गरिने छ । साथै लागु औषध गाँजा चरेश अबैध को प्रयोग तथा ओसारपसारलाई निरुत्साहित गरी नियन्त्रण गर्न र त्यसका विरुद्ध जनचेतना कार्यक्रम संचालन गरिने छ ।

४७) कालोबजारी, अबैध ब्यापार, चोरी निकाशी–पैठारी, तस्करी जस्ता कृयाकलाप उपर निगरानी र नियन्त्रण गर्न सुरक्षा निकायको समन्वयात्मक परिचालनलाई जोड दिई जनतामा दिने सेवा नागरिक बडापत्र खडा गरी तथ्यपूर्ण गुनासो र उजुरी सुनुवाइको लागि निःशुल्क प्रणालीको विकास तथा नागरिक सहायता कक्ष (Help Desk) स्थापना गरी गुनासो फछ्र्यौटको प्रगति जानकारी दिने व्यवस्था मिलाईने छ ।२० जना स्वयंसेवक दल खडा गरी परिचालन गरीने छ।

४८ ) पालिकाको भौगोलिक र सामाजीक अवस्थाको अध्ययन गरि शहरीकरण तथा एकिकृत बस्ती बिकास कार्यक्रम वडानं २ र ३ भर्ताको तिलेखुडा देखी नैनेलडाँडा सम्म र वडानं ४, ५ र ६ कालेखोला देखी हाउडी दहचौर सम्म संचालन तथा व्यवस्थापन गरिने छ ।

४९) गाउँपालीकाबाट अन्तर जिल्ला जोड्ने सडक सन्जालसंग जोड्न संघीय सरकारसंग समन्वय गरी आवश्यक पहल कदमी अगाडी बढाइने छ ।

५०) शुभ कालीका गाउँपालीकाको भौतिक पूर्वाधार विकासका लागि सेरीघाट भर्ता — घट्टेगाड भुलुकोट, व्याउली पान्तडी, मोल्फा घट्टेगाड भुलुकोट, बद्रिगाउँ राराघाट हुदै राराकाटीया, काली भर्तागाड सुन्दर गाउँ हुदै पर्सामखोला, दैखोला छाती तिजथला हुदै भर्ता छेलोहान्ना, किलोहान्ना भर्ता, भुवानथान भर्ता, रातीमाटी थुनी भर्ता आयोजनाको रुपमा समावेश गर्न पहल गरिने छ । सेरी पान्तडी, किलोहान्ना भर्ता र व्याउली पान्तडी, सडकका लागि प्रदेश र संघीय सरकारसंग निरन्तर समनवय सहकार्य र अनुरोध गरिने छ ।

५१) भतार्गाड, भलेटागाड जल विद्युत आयोजना लाई पहिलो प्राथमिकतामा राखी यसै बर्ष देखी संचालनमा ल्याइनेछ, बालगिाड र तल्लो भर्तागाडलाई निरन्तरता दिईने छ। जिल्लाकोर राष्टीय विद्युत प्रसारण लाइन जडान तथा विस्तार गरिने छ ।

५२) आगामी ३ वर्ष भित्र सबै स्थानिय वडाहरूमा विद्युतको सहज पहुंच अभिवृद्धि गर्न जल विद्युत, वैकल्पिक उर्जा (सोलार, वायोग्यांस, वायो उर्जा) आदिको सम्भाव्यता अध्ययन गरी उज्यालो पालीका अभियानलाई अगाडी बढाईने छ ।

५३) जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, जलउत्पन्न प्रकोपलाई न्यूनीकरण गर्न जोखिमयुक्त जलाशय तथा पहिरो व्यवस्थापनका लागि आवश्यक नदी नियन्त्रणका योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछन् ।

५४) आगामी ३ वर्ष भित्र गाउँपालीकाका जनताको स्वच्छ खानेपानीको पहुंच कायम गर्न सुरक्षीत र संरक्षीत एक घर एक धारा प्रविधी कार्यावयन गर्न सरोकारवाला निकाय सँग निरन्तर समन्वय र सहकार्य साझेदारी गरिने छ।

५५) उत्पादनशिल जमिनमा सिंचाइका श्रोतहरुको पहिचान गरी सबै ठाउँमा सिंचाई सुविधा उपलब्ध गराईने छ ।

आ.व २०७८/७९ को वार्षिक बजेट,नीति तथा कार्यक्रम

**सभा अध्यक्ष महोदय**

५६) आयोजनाहरुको प्राथमिकीकरण गरी त्यसका लागि आर्थिक स्रोतको व्यवस्था मिलाइने छ ।

५७) स्थानीय सरकारको सम्पत्ति व्यवस्थापन प्रणाली प्रभावकारी बनाउन सम्पत्ति व्यवस्थापन सम्बन्धी रणनीतिक कार्ययोजना तयार गरी **एकीकृत सम्पती कर कार्यान्वयन** ल्याइने छ ।

५८) यस गाउँ पालीकाको समग्र विकासमा कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राख्दै खाद्यान्न उत्पादन, फलफूल, तरकारी, अदुवा, अलैची, नगदे बाली दुग्धजन्य पदार्थ, माछा मासु, जडिवुटी, मह, च्याउ जस्ता वस्तु र बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न वैज्ञानिक योजना बनाएर लागु गरिने छ । उत्पादन नीतिलाई लागू गरिने छ ।

५९) **एक वडा एक नर्सरी एक गाउँ एक पोखरी** को नीती अवलम्वन गरीनेछ । कृषि तथा पशु सेवा प्रसारमा आम नागरिकको पहुँच वृद्धी गर्ने नीति अवलम्बन गरिने छ ।

६०) पालीका भित्र दर्तारहेका बिभिन्न फार्महरुको स्तरोन्नती गरिने छ ।

६१) गाउँपालीकालाई रासायनिक मल र विषादीको प्रयोग न्यूनिकरण गरी अर्गानिक कृषि उत्पादनलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।

६२) "**टोल टोलमा सहकारी घरघरमा रोजगारी**" को नीति अनुरुप सहकारीलाई अभियानको रुपमा अगाडी वढाइने छ ।

**सभा अध्यक्ष महोदय ,**

अव म यस गरिमामय गाउँसभामा आगामी आ.व. २०७६।०७७ को आय र व्यय अनुमान प्रस्तुत गर्न चाहन्छु ।

(क) आ.व. २०७६।०७७ मा यस गाउँपालिकामा हुने अनुमानित आय मध्ये नेपाल सरकारको अनुदान अन्तर्गत अन्तर सरकारी वित्तीय हस्तान्तरण सशर्त अनुदान तर्फ रु. ११ करोड ४३ लाख, वित्तीय समानीकरण अनुदान अन्तर्गत ९. करोड २२ लाख, र राजश्व वाडँफाँड तर्फ रु ५करोड ६६ लाख प्राप्त हुने । गरिबसँग विस्सेश्वर कार्यक्रम तर्फ ६ लाख,संघ र प्रदेश को समपुरक रकमबाट रु २ करोड ७० लाख प्राप्त हुने अनुमान गरिएको छ।

(ख) कर्णाली प्रदेश सरकारको अनुदान तर्फ वित्तीय समानीकरणमा रु. १ करोड १ लाख २४ हजार, राजश्व वाडफाडमा रु. २. लाख १७ हजार प्राप्त हुने,

आ.व २०७६/७७ को वार्षिक बजेट,नीति तथा कार्यक्रम

(ग) आन्तरीक राजश्व तर्फ रु. १० लाख, सामाजिक सुरक्षा तर्फ रु. ६ करोड, वहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ १२ लाख ३५ हजार स्वास्थ्यका लागि सक्षम प्रणाली ८ लाख ३९ हजार २५१, किर्डाक सहयात्रा परीयोजनाबाट २ करोड २३ हजार ७३७ , हुरेन्डेक हिमाली क्षेत्रका श्रोतहरुको दिगो सदुपयोग परीयोजनाबाट ५० लाख ९५ हजार, खानी तथा खनिज रोयल्टी बाट रु ४६ लाख ४२ हजार प्राप्त भई जम्मा रु. ३९ करोड ३८ लाख ७५ हजार ९८८ आ.व. २०७६।०७७ मा आम्दानी हुने अनुमान गरेको छ ।

**आदरणीय सभाअध्यक्ष,**

आगामी आ.व. २०७६।०७७ मा प्राप्त हुने कुल अनुमानित वजेट मध्ये अनुमानित व्यय विवरण निम्न वमोजिम रहने गरी यस गरिमामय गाँउ सभामा पेश गर्न अनुमती चाहन्छु । चालु तर्फ रु ८ करोड २६ लाख ४१ हजार र पुजिगत तर्फ रु ७ करोड ७५ लाख व्यय हुने, सामाजिक सुरक्षा तर्फ रु. ६ करोड व्यय हुने, गरिबसँग विस्सेश्वर कार्यक्रम तर्फ ६ लाख, संघ र प्रदेश को समपुरक रकम तर्फ रु २ करोड ७० लाख, ससर्त तर्फ रु ११ करोड ४३ लाख, बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ १२ लाख ३५ हजार व्यय हुने, स्वास्थ्यका लागि सक्षम प्रणाली तर्फ ८ लाख ३९ हजार २ सय ५१, सम्बन्धित निकायले कार्यक्रम बनाई व्यय हुने, किर्डाक सहयात्रा परीयोजना तर्फ २ करोड २३ हजार ७ सय ३७ सम्बन्धित निकायले कार्यक्रम बनाई व्यय हुने , खानी तथा खनिज रोयल्टी तर्फ रु ४६ लाख ४२ हजार कार्यक्रम बनाई व्यय हुने, हुरेन्डेक हिमाली क्षेत्रका श्रोतहरुको दिगो सदुपयोग परीयोजना तर्फ ५० लाख ९५ हजार सम्बन्धित निकायले कार्यक्रम बनाई व्यय हुने गरी जम्मा रु ३९ करोड ३८ लाख ७५ हजार ९ सय ८८ मात्र आगामी आ.व. ०७६।०७७ मा खर्च हुने अनुमान गरेको छु ।

चालु तर्फको खर्च मध्ये शिक्षा विषयगत निकाय तर्फ रु १ करोड, कृषि विषयगत निकाय तर्फ रु २५ लाख, स्वास्थ्य विषयगत निकाय तर्फ रु २५ लाख, पशु विषयगत निकाय तर्फ रु २५ लाख, बहुक्षेत्रिय पोषण कार्यक्रम तर्फ रु १५ लाख, खेलकुद कार्यक्रम तर्फ रु २० लाख, महिला बालबालिका तथा ज्येष्ठ नागरिक कार्यक्रम तर्फ रु४० लाख र अन्य प्रशासनिक खर्च तर्फ रु ५ करोड ७६ लाख ४१ हजार खर्च हुने अनुमान गरेको छु ।

पूजिगत तर्फको खर्च मध्ये सवारी साधन खरिदमा रु ६० लाख, सडक तथा पुल निर्माण तर्फ रु १ करोड, विद्युत संरचना निर्माण तर्फ रु ८० लाख, वडा स्तरिय अन्य सार्वजनिक निर्माण तर्फ रु २ करोड ८५ लाख, भैपरी आउने पूजिगत तर्फ रु २ करोड ५० लाख खर्च हुने अनुमान गरेको छु । यी माथि उल्लेखित खर्चहरु बाट शुभ कालीका गाँउपालिकाको विकास र सम्वृद्धिमा योगदान पुग्ने अपेक्षा गरेको छु ।

आ.व २०७६/७७ का वार्षिक बजेट नीति तथा कार्यक्रम

६३) अन्त्यमा, शुभ कालीका गाउँपालीकाको समग्र विकास अभियानमा महत्वपूर्ण सहयोग पु¥याउने सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, सम्पूर्ण शुभकालीका गाउँपालीका वासीहरुका साथै सबै बजेट विनियोजनमा न्यायोचित सहयेग गर्ने नेपाल सरकार, प्रदेश सरकारहरु, स्थानिय सरकार दुई पक्षीय तथा बहु पक्षीय अन्तराष्ट्रिय संघ संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**शुभ कालीका गाउँपालीकाको जय होस , गाउँपालीका वासीहरुको जय होस**

**धन्यवाद ।**

आ.व २०७६/७७ को वार्षिक बजेट,नीति तथा कार्यक्रम